शाखा कार्यालय तथा लकर स्थानान्तरण सम्बन्धी अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३/०७/११ गते)

यस बैंकको काठमाडौं महानगरपालिका वडा नं. २८ पुतलिसडक स्थित शाखा कार्यालय मिति २०८३।०७।३० गते देखि सोही महानगरपालिकाको वडा नं. २९ स्थित करीब ५५० मिटर पूर्व तर्फ स्थानानन्तरण हुने जानकारी गराउदछौं ।

साथै उक्त शाखामा रहेका सेफ डिपोजिट लकरहरु स्थानान्तरण गर्नुपर्ने भएकाले स्थानानन्तरण पश्चात् तपसिलमा उल्लिखित स्थानबाट लकर सेवा उपलब्ध हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र.सं.	हाल शाखा रहेको स्थान	स्थानान्तरण हुने स्थान	अनुमानित दूरी
१	काठमाडौं महानगरपालिका वडा नं. २८	सोही महानगरपालिकाको वडा नं. २९	५५० मिटर पूर्व

उक्त शाखा कार्यालयमा रहेका लकरहरुमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नु भएको भए मिति २०८३।०७।२७ गतेसम्म शाखामा सम्पर्क राखी सामानहरु सुरक्षित राखिदिन हुन सम्बन्धित सबैमा बैंक हार्दिक अनुरोध गर्दछ । लकर स्थानान्तरण गर्दा लकरमा भएका सामग्रीहरुमा सम्भावित कुनै हानि, नोक्सानी वा क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा सम्बन्धित सबैमा यसै सूचना बमोजिम जानकारी गराईन्छ । यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाको लागि बैंक क्षमा प्रार्थी छ ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९, EXT ४०३/४०४